National News Bulletin

आकाशवाणी हो

April 05, 2025

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंका यात्राको बेला कोलमबोमा राष्ट्रीय सचिवालयमा श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसालयकेसित एक महत्वपूर्ण बैठक गर्नुभएको छ। यस अघि दुवै नेताहरूको उपस्थितिमा दुवै देश बीच विभिन्न क्षेत्रहरूमा कैयन समझौताहरूमा हस्ताक्षर गरियो।
- गृहमन्त्री अमित शाहले आगामी वर्ष मार्चको अंत सम्म छत्तीसगढ़मा नकसलबादलाई सखाप पार्ने संकल्प दोहर्याउनुभएको छ।
- रेल तथा सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले तमलिनाडको रामेश्वरमा आधुनिक पंबन पुलको उद्घाटन , देशको इतिहासमा एक माईलखुट्टी भएको भन्नुभएको छ।
- ईपीएल क्रिकेट

प्र.म. –श्रीलंका

प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंका यात्राको बेला कोलोमबोमा राष्ट्रीय सचिवलयमा श्रीलंकाली राष्ट्रपति अनुरा कुमारा दिसानायके सित एक महत्वपूर्ण बैठक गर्नुभएकोछ। दुवै नेताहरूको कुराकानी भारत तथा श्रीलंकाका बीच निकटटम द्विपक्षीय सहयोग लाई थप सुदृढ़ बनाउनमा केंद्रित थियो। उहाँहरूले साझा भविष्यका लागि मजबूत भागीदारीको संयुक्त दृष्टिकोणबारे प्रतिबद्धता जताउनुभयो। श्री मोदीलाई  श्रीलंकाका राष्ट्रपतिले मित्र  विभूषणले सम्मानित गर्दै यो दुवै राष्ट्रहरू बीच मित्रताको प्रतीक हो, भन्नुभयो।

दुवै नेताहरूले सामपुर विजुली परियोजनाको शिलान्यास समारहोमा अनलाइन भागीदारी गर्नुभयो । एनटिपिसी र सिलोन बिजुली बोर्डले संयुक्त रूपमा यो परियोजनालाई पूरा गर्नेछन्। यसको उद्देस्य श्रीलंकाको ऊर्जा सुरक्षामा वृद्दि गर्नु हो। भारतले दामबुल्लामा तापमान नियंत्रित कृषि गोदाम स्थापित गर्नुमा मदत गर्नेछ। यस बाहेक पाँच हजार धार्मिक संस्थानहरूको दानामा सौर  ऊर्जा प्रणाली लगाउनमा पनि भारतले मदत गर्नेछ। प्रधानमन्त्री मोदी विपक्षका नेता साजित प्रेमहासा र तमिल राजनीतिक हलका नेतारूसित पनि भेट्नुभयो। उहाँले भन्नुभयो, भारत, श्रीलंकाका भित्र तमिल समुदायका लागि समानता गरिमा र न्यायका लागि प्रतिबद्ध छ।

प्रधानमनात्री –दिसानायके

यस अघि दुवै नेताहरूको उपस्थितिमा रक्षा र ऊर्जा लगायत् विभिन्न क्षेत्रहरूमा कैयन् समझौताहरूमा हस्ताक्षर भयो। संयुक्त संवाददाता सम्मेलनलाई सम्बोधित गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो राष्ट्रपति दिसानायकेले आफ्नो पहिलो विदेश यात्राका लागि भारतको चयन

गर्नुभयो जसले दुवै देशका बीच धनिष्ठ र विशेष संबधलाई दर्शाउछ। उहाँले भन्नुभयो भारतको छिमेकी प्रथम नीति र क्षेत्रमा सबैका लागि सुरक्षा र विकास सागर मिशनमा श्रीलंकाको महत्वपूर्ण स्थान छ। प्रधानमन्त्री मोदीले पछिल्ला  छ महीनामा भारतले एक सय करोड़ अमेरीकी डॉलरको राशि शीलंकालाई अनुदान स्वरूप दिइएको बताउनुभयो। पूर्वी प्रान्तका विकासका लागि भारतले शीलंकालाई लगभग दुई अरब चालीस करोड़ श्रीलंकाली रूपियाँ दिनेछ भनि पनि श्री मोदीले भन्नुभयो। प्रधानमन्त्रीले श्रीलंकालाई प्रगतिको मार्गमा फेरि देख्दा आफुलाई प्रसन्नता भएको भन्नुभयो। श्री लंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकेले प्रधानमन्त्री मोदीको सबका साथ सबका विकासको दृष्टिकोणको प्रशन्सा गर्दै यसलाई प्रासंगिक र समय अनुकूल बताउनुभयो।

विक्रम मिसरी

विदेश सचिव विक्रम मिसरीले भन्नुभएको छ श्रीलंकाका राष्ट्रपतिले सेप्तेम्बर 2024 मा पदभार ग्रहण गरे यता प्रधानमन्त्री नरेन्द्र मोदी श्रीलंकाको यात्रा गर्ने पहिलो विदेशी शासनाहयक्ष हुनुहुन्छ।

अमित शाह छत्तीगढ़

गृहमन्त्री अमित शाहले आगामी वर्ष मार्चको अंत सम्म छत्तीसगढ़मा नक्सलवादलाई सखाप पार्ने संकल्प दोहर्याउनुभएको छ। छत्तीसगढ़को हतेवाढ़ामा आज  बस्टर पंहुमको समापन समारोहमा उहाँले माओवादीहरूसित आत्मसमर्पण गरि मुख्यधारामा शामेल हुने अपील गर्नुभयो। उहाँले छत्तीसगढ़को आदिवासी कला र शिल्पलाई बढुवा दिनका लागि वस्टर पंहुमको प्रशन्सा गर्नुभयो र आउँदो वर्ष प्रत्येक आदिवासी जिल्लाबाट कलाकारहरू यसमा शामेल हुनेछन् भन्नुभयो।

वैष्णव तमिलनाड

रेल तथा सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले तमिलनाडको रामेस्वररममा आधुनिक पंवन पुलको उद्घाटन देशको इतिहासमा एक माइल खुट्टी भएको भन्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि यस पुलको उद्घाटन गर्नुहुनेछ, उहाँले भन्नुभयो। आज मीडियासित बोल्दै श्री वैष्णवले भन्नुभयो समुद्रको पानीमा निर्मित यो पहिलो वर्टिकल लिफ्ट पुल हो। यस पुलले प्राचीन तमिल संस्कृति सभ्यता र तमिल इतिहासलाई दर्शाउछ। श्री वैष्णव तमिलनाडको दुई दिवसीय दौड़ाहामा हुनुहुन्छ।

सोनोवाल – मेरीटाइम वॉकेथन

केंद्रिय मन्त्री सर्वानन्द सोनोवालले बासठौं राष्ट्रीय समुद्री दिवसको  अवसररमा आज नयाँ दिल्लीमा मेरीटाइम अवेर्नेस वॉकेथन को शुभारम्भ गर्नुभयो। यस अवसरमा श्री सोनोवालले

देशका प्रत्येक नागरिकलाई भारतलाई एक विकसित राष्ट्र बनाउनका लागि योगदान दिनुपर्छ र आफ्नो भूमिका खेल्नु पर्छ भन्नुभयो। उहाँले जोड़ दिदैं भन्नुभयो देसलाई विश्व कै सबभन्दा शक्तिशाली समुद्री ताकत बनाउने हो भने युवाहरूले महत्वपूर्ण भूमिका खेल्नुपर्नेछ।

## दिल्ली सरकार- आयुष्मान भारत

राष्ट्रीय स्वास्थ्य प्राधिकरण तथा दिल्ली सरकारले राष्ट्रीय राजधानीमा आयुषमान भारत प्रधानमन्त्री जन आरोग्य योजनालाई लागू गर्नका लागि एक सहमति ज्ञापनमा हस्ताक्षर गरेका छन्। समारोहमा केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री  जगत प्रकाश नड्डा र दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताको उपस्थिती थियो। यस अवसरमा दिल्लीका स्वास्थ्य मन्त्री पकज कुमार सिंहले भन्नुभयो यस योजनामा प्रत्येक परिवारलाई वर्षेनी स्वास्थ्य लाभ प्राप्त हुनछ। लिल्ली सरकारले पाँच लाख रूपियाँको अतिरिक्त लाभ दिनेछ  उहाँलले भन्नुभयो। योजना अन्तर्गत सूचीबद्ध सबै सराकारी र निजी अस्पतालहरूमा मानिसहरूले आफ्नो उपचार गराउन सक्नेछन्।

## आईपिएल

दिल्ली क्यापिटलस ले तोकेको 184 रनको लक्ष्य लाई पछ्याँउदै चेन्नाइ सुपर किंगस् ले 20 ओभरमा 158 रन बनाउन सक्यो।

अर्को म्याचमा चण्डीगड़को महाराजा यादविन्द्र सिंह अंतर्राष्ट्रिय क्रिकेट स्टेडियममा राजस्थान रायलसको भीडन्त पंजाब किंगसित भई रहेको छ।

## बाक्सिङ विश्वकप

बॉक्सिगमा भारतका अभिनाश जामवालले ब्राजिलमा 2025 विश्व बॉक्सिग कपमा परूषहरूको 65 किलोग्रामा भार वर्गको फाइनलमा प्रवेश गरेका छन्। उनले गए राति इटलीका जिआनलागी मलांगा 5.0 ले पराजित गरे। आज फाइनलमा जामवालको सामना ब्राजीलका प्रथम रीससित हुनेछ। यसैबीच 70 किलोग्राम भार वर्गमा भारतका हितेश र इंनलैण्डका ओडेल कामारा बीच फाइनल मुकाबला हुनेछ। यस अगि मनीष राठोड़ले 55 किलोग्राम भार वर्गमा कांस्य पदक हासिल गरे।